# आर्थिक वर्ष : २०७८-७९

## लिम्चुङबुङ विकासको आधार- शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन सहितको पुर्वाधार


**लिम्चुङबुङ गाउँपालिका**

गाउँकार्यपालिकाको कार्यालय

बाराहा, उदयपुर

पदेश नं. १, नेपाल


२०७८-०३-१०

लिम्चुङबुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर

**नवौं गाउँसभामा लिम्चुङबुङ गाउँपालिका उपाध्यक्ष श्री रमिला राई बाट प्रस्तुत गरिएको आर्थिक वर्ष २०७८/७९ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य :-**

लिम्चुङबुङ गाउँपलिकाको ९ औ गाउँसभाका सभाअध्यक्ष ज्यु, वडा अध्यक्ष ज्यु,कार्यपालिका सदस्य ज्यु, गाँउ सभाका सदस्य ज्यु सभामा उपस्थित राष्ट्रसेवक कर्मचारी ज्यु सबैमा नमस्कार तथा अभिवादन ।

१. लिम्चुङबुङ गाउँपालिकाको उपाध्यक्षको हैसियतले आज यस सम्मानीत गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०७८/७९ को नीति , कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु पाउँदा मैले अत्यन्तै गौरवान्वित महशुस गरेको छु । यस अवसरमा राजनितिक परिवर्तनको लागी जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिद हरुप्रती हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै संघर्षको क्रममा घाइते हुनु भएका र बेपत्ता पारिएका नागरिकहरुप्रती सम्मान व्यक्त गर्दछु । त्यसैगरी राष्ट्रियता, लोकतन्त्र, स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्धिको लागी संघर्ष गर्नुहुने महान नेपाली नागरिक र त्यसको सबल नेतृत्व गर्नुहुने नेपाली राजनितिका शिखर व्यक्तित्वप्रती हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२. नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणाली अनुरुप तिनै तहको निर्वाचन सम्पन्न भई लोकतान्त्रिक शासन प्रणाली संस्थागत भएकोछ । स्थानीय निर्वाचन पश्चात नया शासन प्रणालीको अभ्यासको क्रममा लिम्चुङबुङ सरकारले ४ वर्ष पुरा गरिसकेको छ । यस क्रममा हामीलाई प्राप्त भएको यस महान उपलब्धीको जगेर्ना तथा लिम्चुङबुङवासी द्वारा हामीलाई सुम्पिएको विश्वासको कदर गर्दै राज्यको श्रोत र सामर्थ्यको सदुपयोग गरी लिम्चुङबुङ गाउँपालिकाको विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठुलो प्रेरणा मिलेकोछ ।

३. **लिम्चुङबुङ विकासको आधार- शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन सहितको पुर्वाधार** को नारा अनुरुपको स्थानिय सरकारको आभाष लिम्चुङबुङवासीमा गराउनको लागी सामाजिक आर्थिक विकासको ढाँचामा स्थानीय सरकार बढिरहेको छ । यसको प्रस्थान बिन्दुको रुपमा सबल भौतिक पुर्वाधार, गुणस्तरिय शिक्षाको उपलब्धता, कृषिमा व्यावसायिकरण, आधारभुत स्वास्थ्य उपचारमा पहुच, स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता अत्यन्तै अत्यावश्यक सेवाहरुको परिपुर्तिलाई लिइएको छु ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानिय सरकार सन्चालन ऐन २०७४, विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्रथमिकता, बजेट तर्जुमा दिग्दर्शन २०७४, लिम्चुङबुङ गाउँपालिकाको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकास लक्ष्य, सदस्यज्यु हरुबाट आएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिइएको छु । विभीन्न राजनितिक दल, संघ, संस्था , विद्वत वर्ग र आम लिम्चुङबुङवासी महानुभावहरु द्वारा प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएकोछु ।

उपाध्यक्ष

सम्मानीत गाउँसभाका अध्यक्ष ज्यु ।

५. अब म आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेकोछु :-

क) लिम्चुङबुङ गाउँपालिकाका पुर्वाधारहरुको विकास गर्दै सबल तथा दिगो आर्थिक विकासको आधार निर्माण गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने ।

ख) अध्यक्ष कृषि परियोजना मार्फत कृषिको व्यावसायिकरण गर्दै खाद्यान्न तथा पशु जन्य पदार्ध उत्पादनमा आत्मनिर्भर स्थानिय बजारको निर्माण गर्ने ।

ग) शैक्षिक उन्नयन तथा समावेशी विकासबाट सामाजिक पुर्वाधारहरुको सुदृढिकरण गरी सामाजिक क्षमतालाई संस्थागत गर्ने ।

घ) आधारभुत स्वास्थ्य, शिक्षा, श्रोत तथा अवसरमा सबैको पहुँच स्थापित गर्दै सामाजिक न्यायको अनुभुती गराउने ।

६. आर्थिक वर्ष २०७८/७९ बजेटका लक्ष्यहरु निम्न अनुसार प्रस्तुत गरेकोछु :-

१. आ.व. ०७८\०७९ भित्र वडा नं १ र २ मा स्वास्थ्यचौकीहरुको निर्माण गरि गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह को पुर्वाधार तयार गर्ने ।

२. आ.व. २०७८\७९ को अन्त्य सम्म यस गाउँपालिकाका ५ वटै माध्यमिक विद्यालयहरुमा भवनहरुको निर्माण कार्य सम्पन्न गर्ने ।

३. अध्यक्ष कृषि परियोजना मार्फत गाउँपालिकामा व्यावसायीक तथा आधुनिक कृषिको विकास गर्दै आर्थिक समृद्धिको आधार निर्माण गर्ने ।

४. लिम्चुङबुङ गाउँपालिकाको प्रमुख पर्यटकिय गन्तव्य एभरेष्ट भ्यु टावरको ३३% निर्माण कार्य सम्पन्न गर्ने ।

५. ५ शैय्याको लिम्चुङबुङ अस्पताल तथा गाउँपालिका प्रशासकीय भवनको ५०% सम्म निर्माण कार्य सम्पन्न गर्ने।

६. वडा नं १,२,४ तथा ५ को वडा कार्यालय भवनहरु निर्माण सम्पन्न गर्ने ।

७. लिम्चुङबुङ अस्पतालबाट Digital X-ray तथा RUSG सेवा सञ्चालन गर्दै यस क्षेत्रको उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्ने निकायको रुपम स्थापित गर्ने।

८. पुर्व प्राथमिक शिक्षा तर्फ गाउँपालिकाको ५ वटै माध्यमिक विद्यालयहरुमा मन्टेश्वरी शिक्षा सञ्चालन गर्ने,

९. गाउँपालिकाका ५ वटै वडाहरुमा विद्युत विस्तार गर्ने,

१०. वडा कार्यालय मार्फत प्रवाह गरिने सम्पुर्ण सेवाहरु विद्युतीय माध्यमबाट प्रवाह गर्ने,

११. आर्थिक वर्षको अन्त्य सम्म सबल भौतिक पुर्वाधारहरु निर्माण गर्ने ।

उपाध्यक्ष

सम्मानीत गाउँसभाका अध्यक्ष ज्यु ,

७. अब म यिनै उद्देश्य, प्राथमिकता तथा लक्ष्यहरुको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्षको वित्तिय व्यवस्थापन तथा बजेट विवरण प्रस्तुत गर्दछु :-

आर्थिक वर्ष २०७७\७८ मा लिम्चुङबुङ गाउँपालिकालाई वित्तिय हस्तान्तरण बापत प्राप्त हुने आयमा संघबाट वित्तिय समानिकरण तर्फ प्राप्त हुने ७ करोड ३२ लाख , सशर्त अनुदान तर्फ प्राप्त हुने १४ करोड ६३ लाख तथा राजश्व बाँडफाँडको हिस्सा रु ५ करोड ५१ लाख ६५ हजार , विशेष अनुदान मा रु २ करोड ४९ लाख , समपुरक अनुदानमा रु १ करोड २५ लाख प्राप्त हुने छ

त्यस्तै प्रदेशबाट वित्तिय समानिकरण तर्फ प्राप्त हुने ३९लाख ७५ हजार, सशर्त तर्फ रु १९ लाख ७८ हजार, राजश्व बाँडफाँड (सवारी साधन कर) तर्फ रु ३५ लाख, समपुरक अनुदान तर्फ रु १ करोड ,सामाजिक सुरक्षा तर्फ रु २ करोड ७१ लाख प्राप्त हुने अनुमान गरिएकोछ ।

साथै गाउँपालिकाको आन्तरीक आय तर्फ रु १५ लाख संकलन गरिने लक्ष्य लिईएको छ । र आर्थिक वर्ष २०७७/७८ बाट अल्या भई आउने रकम अनुमानित रु, ६ करोड ८० लाख समेतको गणना गरेर आगामी आ. व. २०७८/७९ को लागी यस लिम्चुङबुङ गाँउपालिकाले रु ४२ करोड ८१ लाख २२ हजारको बजेट सीमा निर्धारण गरिएको छ ।

**बजेट विवरण :-**

आ. व. २०७७/७८ मा चालु तर्फको बजेटको लागी रु ५ करोड २० लाखको सीमा निर्धारण गरिएको छ ।

बजेटको विषयगत सीमा यस प्रकार निर्धारण गरिएको छ :-

सामाजिक विकास तर्फ :- ३ करोड २२ लाख ९० हजार
आर्थिक विकास तर्फ :- ९६ लाख ५० हजार
पुर्वाधार विकास तर्फ :- १० करोड १९ लाख
सुशासन तथा क्षमता विकास तर्फ :- २३ लाख
न्यायिक समिति तर्फ :- ७ लाख
चालु तर्फ :- ५ करोड २० लाख
कोष तर्फ :- ६५ लाख

सम्मानित गाउँसभाका अध्यक्ष ज्यु

८. अब म आगामी वर्षको लागि गाउँपालिकाले आत्मसात गरेको नीति अनुसार क्षेत्रगत विनियोजनको रुपरेखा प्रस्तुत गर्न अनुमती चाहन्छु ।

९. पुर्वाधार विकास तर्फ **सबल पुर्वाधारहरुको निर्माण गर्ने सोच अनुसार** :- आगामी आ. व. २०७८|७९ मा पुर्वाधार विकास तर्फ सबैभन्दा बढी बजेट विनियोजन गरिएको छ । विद्यालय भवन निर्माण, वडा कार्यालय भवन निर्माण, स्वास्थ्य चोकी निर्माण जस्ता महत्वपुर्ण योजनाहरु आगामी आ. व. मा सञ्चालन गरिने छ

। आ.वङ २०७८|७९ को अन्त्य सम्म यस लिम्चुङबुङ गाउँपालिकाका ५ वटै वडामा रहेका माध्यमिक विद्यालयहरुमा ८ कोठे पक्कीभवनहरुको निर्माण गरिनेछ, वडा नं १ बास्बोटे, वडा नं २ ताम्लिछामा स्वास्थ्य चौकी भवनको निर्माण सम्पन्न गरिने छ , वडा नं १ बास्बोटे, वडा नं २ ताम्लिछा , वडा नं ४ बलम्ता, वडा नं ५ जाँतेमा वडाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरी आफ्नै भवनबाट सेवा प्रवाह गरिनेछ । गाउँपालिकाको प्रशासनिक भवन तथा लिम्चुङबुङ अस्पतालको ५० % निर्माण कार्य सम्पन्न गरिनेछ । श्री नागरिक उड्डयब तथा पर्यटन मन्त्रालयसँगको साझेदारीमा यस लिम्चुङबुङ गाउँपालिकाको प्रमुख पर्टयटकिय गन्तव्य एभरेष्ट भ्यु टावरको ३३% निर्माण कार्य अगाडी बढाईनेछ । ग्रामिण विद्युतीकरण तर्फ **उज्यालो लिम्चुङबुङ** को सोच अनुसार सम्पुर्ण वडाहरुमा विद्युत विस्तार गर्ने लक्ष्य अनुरुप रु १,००,००,०००-| विनियोजन गरिएको छ, हर घरमा उज्यालो ल्याउने प्रयोजनका लागि सम्पुर्ण घरधुरीलाई मिटर बक्स अनुदानलाई निरन्तरता दिँदै रु ३०,००,०००-| मिटर बक्स अनुदान शिर्षकमा विनियोजन गरिएको छ ।

१०. सामाजिक विकास तर्फ :-

शिक्षा- लिम्चुङबुङ गाउँपालिकाका विद्यालयहरुमा गुणस्तर शिक्षाको सुनिश्चितताको लागि आ.व. २०७८|७८ मा शिक्षा तर्फ रु १,३५,३०,०००-| विनियोजन गरिएको छ । गाउँपालिकाको शिक्षा नीति अनुसार देहायका प्राथमिकताहरुमा केन्द्रित रही बजेट व्यवस्थापन गरिएकोछ :-

क) शैक्षिक गुणस्तर अभिवृद्धी प्रोत्साहन कार्यक्रम यस अन्तर्गत बाल विकास केन्द्रहरुलाई शैक्षिक सामाग्री व्यवस्थापन गरिनेछ , गाउँपालिकाका सम्पुर्ण प्राथमिक विद्यालय, आधारभुत विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि अनुदान व्यवस्थापन गरिने छ यस प्रयोजनका लागि रु ११,५०,०००-| विनियोजन गरिएको छ । आधारभुत तह १-८ सम्मको परिक्षामा एकरुपता ल्याउने नीति अनुसार कक्षा ८ को परिक्षा एकिकृत रुपमा सञ्चालन गरिनेछ ।

ख) जनशक्ती उत्प्रेरणा कार्यक्रम यस अन्तर्गत बाल विकास स. का. तालिम , प्रा. शि., नि. मा. शि. तथा मा. शि. स्तरीय विषयगत तालिमलाई निरन्तरता दिँदै शिक्षक तालिम शिर्षकमा रु १४, ००,०००-| विनियोजन गरिएको छ । उत्कृष्ट तहगत शिक्षक सम्मान तथा पुरस्कारको व्यवस्था गरिएको छ ।

ग) शैक्षिक पुर्वाधार विकास कार्यक्रम अन्तर्गत गाउँपालिकाका ५ वटै माध्यमिक स्तरका विद्यालयहरुमा कच्ची भवन हरुलाई पुर्ण विस्थापित गर्ने नीति अनुसार ८ कोठे पक्की भवन निर्माण गरिने छ यसका लागि संघीय तथा प्रदेश अनुदान तथा गाउँपालिकाको लागत सहभागिता समेत गरि रु ३,००,००,०००-| विनियोजन गरिएको छ । विद्यालय खानेपानी, सरसफाई तथा फर्निचर अनुदानको व्यवस्था गरिएको छ ।

यसका अतिरिक्त विद्यालय अनुदान कार्यविधि अनुरुप शिक्षण सिकाई अनुदानलाई निरन्तरता दिईनेछ ।

स्वास्थ्य तर्फ :- लिम्चुङबुङ अस्पताललाई थप व्यवस्थित तथा सेवामुखी बनाउन digital x-ray तथा RUSG सेवाको शुरुवात गरिनेछ । कोरोना संक्रमण नियन्त्रणको लागि रु १०,००,०००-| को कोरोना कोष व्यवस्था गरिएको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तर्फ लिम्चुङबुङ गाउँपालिकाको समावेशिकरण नीतिः सबैमा सामाजिक न्यायको अनुभुती नारा अनुरुप महिला तथा बालबलिकातर्फ रु २०,००,०००-| विनियोजन गरिएको छ । टोल स्तरबाट जनतामा जागरण र विकासका साझेदारको रुपमा स्थापित गर्ने नीति अनुरुप टोल

विकास सहकार्य समिति विकासको लागि रु ८,५०,०००-| व्यवस्था गरिएको छ । संस्कृती प्रवर्धन, दलित तथा सिमान्तिकृत जाति उत्तथानको लागि रु १३,५०,०००- बजेट व्यवस्था गरिएको छ।
युवा तथा खेलकुदलाई अगाडी बढाउने नीति अनुसार अन्तर गाउँपालिका खेलकुद प्रतियोगिता सञ्चालनको लागि युवा तर्फ रु १०,००,०००- बजेट व्यवस्था गरिएको छ ।

११. आर्थिक विकास तर्फ अध्यक्ष कृषि परियोजनालाई निरन्तरता दिँदै आ. व. २०७८|७९ को लागि रु ७८,५०,०००-| विनियोजन गरिएकोछ । सहकारी , उद्यम विकास तथा पर्यटन क्षेत्रलाई समेत समेटेर रु १५,००,०००-| विनियोजन गरिएको छ ।

१२. विपद वयवस्थापन तथा वातावरण संरक्षण तर्फ रु ४३,००,०००-|को वित्तिय व्यवस्थापन गरिएको छ ।

१३. अन्तर निकाय समन्वय र सहयोगलाई आत्मसात गर्दै गाउँपालिकाको तर्फबाट साना सिंचाई आयोजना, प्रधानमन्त्री रोजगार कार्यक्रम, MIS , उद्यम विकास कार्यक्रममा सहभागिता स्वरुप रु२६,००,०००-| बजेट व्यवस्थापन गरिएकोछ ।

१४. सुशासन तथा क्षमता विकास तर्फ गाउँपालिकाकबाट प्रवाह गरिने सेवा तथा वडा कार्यालय बीच विद्युतीय शासनलाई आत्मसात गरिने छ । पार्दर्शिता जवाफदेही प्रवर्धन । कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास गर्दै समग्र सुशासन स्थापनार्थ रु २०,००,०००-\ विनियोजन गरिएको छ ।

१५. लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारी अभावका कारण सीमित कर्मचारी माथी दोहोरो तेहरो जिम्मेवारी समेत थपिएको अवस्थालाई मध्यनजर गरि कर्मचारी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । यस गाउँपालिकाको स्वास्थ्य चौकीहरुमा कार्यत कार्यालय सहयोगीहरुलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम तलब सुविधा व्यवस्था गरिनेछ।गाउँ कार्यपालिका तथा वडा कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारीहरुको तलबमान मा रु १,००० -\ वृद्धी गरिनेछ ।६ महिना सेवा अवधी पुगेका सम्पुर्ण सेवा करारका कर्मचारीहरुलाई नेपाल सरकारबाट तोकिएको महँगी भत्ता रु २,०००-\ उपलब्ध गराइनेछ ।

**सम्मानित गाउँ सभाका अध्यक्ष ज्यु**

लिम्चुङबुङ गाउँपालिकाले आत्म्सात गरेको विषयगत नीतिहरुबाट निर्देशित भई बजेट तथा कार्यक्रमहरुको निर्माण गरिएको छ । मैले आशा गरेको छु हामीले तय गरेका लक्ष्यहरुको प्राप्ती हामीले तोकेकै अवधीमा गर्न सकिनेछ । यसका लागि जनप्रतिनिधि तथा कर्मचारी बीचको समन्वय र सहयोग आवश्यक हुनेछ । विकासको आभाष जनता सम्म पुर्याउन लिम्चुङबुङ गाउँपालिका समर्थ हुनेछ म आशावादी छु ।

१५. आगामी आर्थिक वर्षको लागी विनियोजित बजेट गाउँपालिकाले अवलम्बन गरेका नीति तथा कार्यक्रम अन्तर्गत रहेर सहभागितामुलक योजना तर्जुमा पद्धति बमोजिम निर्माण गरिएको छ । आगामी आ. व. को लागी गाउँपालिकाले तय गरेको नीति अनुरुप योजनाहरुको सञ्चालन द्वारा गाउँपालिकाले तय गरेका लक्ष्यहरु अवश्यनै प्राप्त गर्न सकिने विश्वास लिइएको छु ।

उपाध्यक्ष

१६. मलाई विश्वास छ टोल टोलबाट संकलन भई आएका योजनाहरुको प्रभावकारी कार्यान्वयन बाट आम जनताले केही वर्ष भित्र परिवर्तनको अनुभव गर्नु हुनेछ । नेपालको संविधानमा उल्लेखित सामाजिक न्याय तथा समतामुलक समाजको निर्माण तर्फ चौथो प्रयास स्वरुप लिम्चुङबुङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को बजेट प्रस्तुत गरेको छु म आशावादी छु आमजनताको जीवनमा यसले आमुल परिवर्तन को शुरुवात गर्ने छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले प्रतिपादन गरेको समाजवाद प्रती प्रतिबद्ध राज्य निर्माण तर्फ हाम्रो सानो प्रयासले पक्कै पनी ठुलो टेवा पुग्ने छ ।

१७. प्रस्तुत बजेट तथा योजना तर्जुमामा सहयोग गरी आजको अवस्था सम्म ल्याउन सहयोग गर्नु हुने सम्पुर्ण कार्यपालिका सदस्य ज्यु एवम् वडा अध्यक्ष ज्यु, वडा सदस्य ज्युहरु, विषयगत समिति हरु, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा योजना तर्जुमा समिति, अहोरात्र खट्ने राष्ट्रसेवक कर्मचारी, राजनितिक दलका प्रतिनिधिहरु, नागरिक समाज, बुद्धिजिवि वर्ग, पत्रकार, सरकारी तथा गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पुर्ण लिम्चुङबुङवासी जनता साथै दैश विदेशमा रहनु हुने नेपाली आमा बुबा, दिदि बहिनि , दाजु भाई हरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१८. अन्त्यमा लिम्चुबुङ गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्‍याउने गाउँपालिकाका नागरिक , करदाता, विकास साझेदार, सरकारी , गैरसरकारी तथा सामुदायिक संस्थाहरु र सञ्चार माध्यम प्रती हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग तथा समन्वयको अपेक्षा गरेको छु ।

१९. राज्यले सुम्पेको जिम्मेवारी, गाँउपालिकावासी प्रतिको जवाफदेहिता तथा संविधान कार्यान्वयनको यस महत्वपुर्ण क्षणमा निश्चयनै हामि सामु ठुला चुनौतिहरु छन । भनिन्छ लामो र महान यात्राको शुरुवात एक पाईला बाट नै हुन्छ , हाम्रो त चौथो पाईला अघि बढिसकेको छ । हामी सबै मिली चुनौतिहरुको सामना गर्दै गाउँपलिकाले लिइएको लक्ष्यहरुको प्राप्तिको लागी प्रतिबद्ध, कटिबद्ध र एकिकृत बनौ । गाँउपालिकाको उज्ज्वल भविष्य निर्माणको जुन अभिभारा हामी माथि छ त्यसलाई सफल बनाएर ईतिहासले हामिलाई सुम्पेको दायित्वलाई आत्मसात गरौ । बिकास र निकास हामी लिम्चुङबुङवासीहरुको जिम्मेवारी भन्ने मलाई मागेको छ । समृद्ध लिम्चुङबुङ गाउँपालिका बनाउन विभिन्न जात, धर्म, सँस्कृति, लिङ्ग, विभिन्न पिसामा आबद्ध पेशागत कर्मचारी, राजनैतिक ब्याक्तित्व हामी सबैले हातमा हात, काँधमा काँध मिलाएर अघि बढ्नु पर्छ र यसको लागी यहाँहरु सवैको सहयोगको अपेक्षा गर्दछु । मेरो कामना, हाम्रो कामना समृद्ध लिम्चुङबुङ जय लिम्चुङबुङबासी जय लिम्चुङबुङ ।

उपाध्यक्ष

धन्यवाद ......